# आधारभूत तहका शिक्षकहरूका लागि क्षमता विकास तालिम २०७७

## प्रतिवेदन



**पृष्ठभूमि** : सहयोगी हातहरूको समूह (सहास) नेपाल, लिफ्ट परियोजनाको आयोजना र लिखु गाउँपालिका आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय ओखलढुङ्गाको संयोजनमा शिक्षकहरूका लागि क्षमता विकास तालिम सम्पन्न भएको छ । उक्त तालिम लिखु गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत आधारभूत तहका शिक्षकहरुको क्षमता विकास गराउने उद्देश्यले सञ्चालन भएको हो । तालिम मिति २०७७ साल मंसिर १४ देखि १६ गते सम्म लिखु गाउँपालिकाको सभाहलमा गरिएको हो । सो तालिम गाउँपालिकाका अध्यक्ष श्री गोविन्द बहादुर पौडेलको अध्यक्षतामा औपचारिक रूपमा उद्घाटन गरी विधिपूर्वक समापन भएको छ । तालिममा लिखु गाउँपालिका अन्तर्गत २२ वटा सामुदायिक विद्यालयमा अध्यापनरत २५ जना (१३ महिला र १२ पुरूष) शिक्षकहरुको सहभागिता रहेको छ । (विस्तृत अनुसूची १)

**सम्पन्न भएका क्रियाकलाहरू :**

- क्षमता विकासको परिचय (अवधारणा र आवश्यक्ता),
- शिक्षण सिकाइका क्रममा आफूले गरेका अभ्यास तथा अनुभव आदान प्रदान,
- विभिन्न दृश्य सामग्रीको दृश्यावलोकन तथा विश्लेषण,
- क्षमता विकासका विविध पक्षका बारेमा छलफल तथा अन्तर्क्रिया (क्षमता विकासका विभिन्न घटक र जिम्मेबारी),
- स्वमूल्याङ्कन र सुधारका लागि गरिने योजना,
- शिक्षण सिकाइमा शिक्षक तथा विद्यार्थीका अतिरिक्त अभिभावक र सरोकारवाला पक्षका बीचमा हुनुपर्ने पक्ष र क्रियाकलापाहरू,
- विद्यालय र समुदायका बीच हुने सम्बन्ध,
- सहभागी क्षमता मापन र विश्लेषण,

**विधि :**

**विशेष गरी आगमन विधि अपनाइ त्यस अन्तर्गत निम्न प्रक्रियाहरूलाई उपयोग गरियो :**

- प्रदर्शन विधि
- अवलोकन विधि
- अन्तर्क्रिया विधि

- प्रश्नोत्तर विधि
- खोज विधि
- समस्या समाधान विधि
- समूह जोडागत आदान प्रदान
- सहभागीद्वारा सहभागी शिक्षण
- सान्दर्भिक तस्वीरहरू

**तालिमबाट पहिचान भएका कुराहरू :**

- शिक्षकले आफ्नो अवस्था मूल्याङ्कन,
- त्रुटि पहिचान र विश्लेषण,
- सहभागीहरूले स्वतस्फूर्तरूपमा कार्ययोजना निर्माण गरी शिक्षण सिकाइ क्रियाकलाप गर्न अभिप्रेरित हुनु,
- शिक्षणमा आई परेका समस्यालाई सोधेर/अनुसन्धान गरेर मात्र विद्यार्थीलाई बताउनुपर्ने कुराको महसुस हुनु,
- तालिममा सिकेका कुरा सहकर्मी साथीहरूसँग साटासाट गरेमा साथीले पनि जान्ने र विद्यार्थीलाई सहजरूपमा सिकाउन सकिने धारणाको विकास ।
- आफूले सिके जानेका अनुभवहरूलाई सिलसिला मिलाई प्रसङ्ग अनुसार प्रयोग गर्ने सीपको विकास आदि ।

**सवल पक्ष :**

- बोलाएका विद्यालयहरूले सहभागी पठाउनु,
- शिक्षकहरूको सक्रिय सहभागिता,
- दिएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्ने बानीको विकास,
- अनुशासित तथा मर्यादित बसाइ,
- आयोजकले तालिमलाई चासोपूर्वक लिएको,
- आवश्यक शैक्षिक सामग्रीहरू उपलब्ध,
- बसाइ व्यवस्थापनमा पालिकाको सकारात्मक सहयोग,
- पालिकाका जनप्रतिधि तथा कर्मचारीहरुको महत्वपूर्ण सहयोग र सुझाव,
- जनप्रतिनिधि र कर्मचारीद्वारा समय तालिमको अनुगमन तथा सुपरीवेक्षण,
- कोभिड १९ को सङ्क्रमणबाट जोगिन स्वास्थ्य मापदण्ड अनुरूप मास्क, सेनिटाइजर र साबुन पानीको व्यवस्था हुनु आदि ।

**सुझाव :**

- समूह कार्यका लागि आवश्यक फर्निचर उपलब्ध भए अझ राम्रो हुने थियो ।
- अपाङ्ग तथा लैङ्गिकमैत्री शौचालय भए अझ सहज हुने थियो ।
- चमेना गृहबाट तालिम हलमै खाजा तथा चिया व्यवस्था भए समयको बचत हुने थियो ।

**निष्कर्ष :**

शिक्षकहरूमा भएको ज्ञान, सिप र क्षमतालाई अझ बढी विकसित र प्रष्फुटित गराउने उद्देश्यबाट संचालित यस तालिम कार्यक्रममा आयोजकले लगानी गरेअनुरुप प्रतिफल प्राप्त हुने गरी सक्रियता एवं चाखपूर्वक सहभागीहरूको सहभागिता रहेको र तालिम सन्तोषजनक सम्पन्न भएको छ ।

**प्रस्तुतकर्ता :**

**आधारभुत तथा माध्यमिक शिक्षा कार्यालय**

**लिखु गाउँपालिका यसम,-४ ओखलढुंगा र**

**साहास नेपाल**

## अनुसूची १, तालिमका सहभागी विवरण

| क्र.सं. | सहभागीको नाम | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | चन्द्र बहादुर वली | भिमेसेनस्थान मा.वि. नर्मदेश्वर | लिखु-३, ओखलढुंगा | |
| २. | ईश्वर खड्का | ज्ञानज्योति मा.वि. | लिखु-२, ओखलढुंगा | |
| ३. | अप्सरा सुवेदी | ज्ञानज्योति मा.वि. | लिखु-२, ओखलढुंगा | |
| ४. | संजिता तामाङ्ग | राम्चे ग्रामविकास आ.वि. | लिखु-७, ओखलढुंगा | |
| ५. | पवित्रा थापा | यसम मा.वि. यसम | लिखु-४, ओखलढुंगा | |
| ६. | शिव कुमार सुनुवार | गणेश आ. वि. मझुवा | लिखु-५, ओखलढुंगा | |
| ७. | घन प्रसाद पुडासैनी | ग्रा.यु.क. सि. मा.वि. गाम्नाङ्गटार | लिखु-६, ओखलढुंगा | |
| ८. | श्याम भट्टराई | ग्राम्मोन्नति आ.वि. | लिखु-६, ओखलढुंगा | |
| ९. | कमल थापा | ग्रामज्योति आ.वि. | लिखु-७, ओखलढुंगा | |
| १०. | पम्फा रूपाचा | पोखरी आधारभूत | लिखु-९, ओखलढुंगा | |
| ११. | सरिता कार्की | च्यूरीडाँडा मा.वि. | लिखु-१, ओखलढुंगा | |
| १२. | सिर्जना पौडेल | लेती मा.वि. लेती | लिखु-९, ओखलढुंगा | |
| १३. | राम कुमार पुलामी | बड्डाँडा आ.वि. | लिखु-५, ओखलढुंगा | |
| १४. | अलैंची भट्टराई | बड्डाँडा आ.वि. | लिखु-५, ओखलढुंगा | |
| १५. | खेट कुमारी मगर | गोरखनाथ आ.वि. | लिखु-३, ओखलढुंगा | |
| १६. | तारा पौडेल | कालिका आ.वि. | लिखु-८, ओखलढुंगा | |
| १७. | गोपाल नारायण श्रेष्ठ | लेती मा.वि. लेती | लिखु-९, ओखलढुंगा | |
| १८. | जीवन कुमार तामाङ्ग | यसम मा.वि. यसम | लिखु-४, ओखलढुंगा | |
| १९. | मिना तामाङ्ग | लाम्राङ्ग आ.वि. | लिखु-९, ओखलढुंगा | |
| २०. | बिमला खत्री | सिद्धमनपुर आ.वि. | लिखु-४, ओखलढुंगा | |
| २१. | धन ब. मुदेल | मनकामना आ.वि. | लिखु-८, ओखलढुंगा | |
| २२. | टेक ब. रोका | जाल्पा मा.वि. टारकेराबारी | लिखु-८, ओखलढुंगा | |

| | | | | |
|---|---|---|---|---|
| २३. | कर्ण ब. श्रेष्ठ | सेतीदेवी आ.वि. | लिखु-९, ओखलढुंगा | |
| २४. | तुलसी पौडेल | जनजीवन मा.वि. | लिखु-९, ओखलढुंगा | |
| २५. | प्रमिला दाहाल | पटनादेवी आ.वि. | लिखु-९, ओखलढुंगा | |

**अनुसूची २, तालिम कार्यक्रमको रुपरेखा**

'लिखु गाउँ पालिकाका सामुदायिक विद्यालयहरूमा कार्यरत **आधारभूत तह**का शिक्षकहरूका लागि **सहास नेपाल**द्वारा आयोजित तीन दिवसीय **क्षमता विकास**सम्बन्धी तालिम – २०७७'

**स्थान :** लिखु गाउँ पालिका, यसम, ओखलढुङ्गा

(**तालिम कार्यक्रम :** २०७७ मङ्सिर १४ देखि १६ सम्म)

## कार्यक्रमको रूपरेखा

**पहिलो दिन (२०७७।०८।१४)**

| **पहिलो सत्र (१०:३०–१२:००)** | **विश्राम** | **दोस्रो सत्र (१२:१५–१३:४५)** | **विश्राम** | **तेस्रो सत्र (१४:१५–१५:४५)** | **समापन (१५ मिनेट)** |
|---|---|---|---|---|---|
| क. कार्यक्रम उद्घाटन<br>१) आसन ग्रहण<br>२) स्टेशनरी वितरण<br>३) उद्घाटन तथा राष्ट्रिय गान<br>४) पात्र परिचय<br>५) कार्यक्रम परिचय<br>६) शुभकामना व्यक्त<br>७) सत्र समापन | १५ मिनेट | ख. कार्यक्रम सञ्चालनबारे जानकारी<br>१) समूह विभाजन<br>२) जिम्मेवारी ग्रहण<br>३) अपेक्षा सङ्कलन तथा विश्लेषण<br>४) क्षमता विकासको परिचय (अवधारणा र आवश्यकता) | ३० मिनेट | ग. शिक्षण सिकाइका क्रममा आफूले गरेका अभ्यास तथा अनुभव आदान–प्रदान | सम्पूर्ण सत्रको समीक्षा गरी तालिम कार्यक्रम समापन |

**दोस्रो दिन** (२०७७।०८।१५)

| **पहिलो सत्र (१०:३०–१२:००)** | **विश्राम** | **दोस्रो सत्र (१२:१५–१३:४५)** | **विश्राम** | **तेस्रो सत्र (१४:१५–१५:४५)** | **समापन (१५ मिनेट)** |
|---|---|---|---|---|---|
| क. विभिन्न दृश्य सामग्री दृश्यावलोकन तथा विश्लेषण | १५ मिनेट | ख. क्षमता विकासका विविध पक्षका बारेमा छलफल एवं अन्तर्क्रिया<br>क्षमता विकासका विभिन्न घटक र जिम्मेवारी | ३० मिनेट | ग. स्वमूल्याङ्कन र सुधारका लागि गरिने योजना | सम्पूर्ण सत्रको समीक्षा गरी तालिम कार्यक्रम समापन |

**तेस्रो दिन** (२०७७।०८।१६)

| **पहिलो सत्र (१०:३०–१२:००)** | **विश्राम** | **दोस्रो सत्र (१२:१५–१३:४५)** | **विश्राम** | **तेस्रो सत्र (१४:१५–१५:४५)** | **समापन (१५ मिनेट)** |
|---|---|---|---|---|---|
| क. शिक्षण सिकाइमा शिक्षक तथा विद्यार्थीका अतिरिक्त अभिभावक र सरोकारवाला पक्षका बीचमा हुनुपर्ने पक्ष र कार्यकलापहरू | १५ मिनेट | ख. विद्यालय र समुदायका बीच हुने सम्बन्ध | ३० मिनेट | ग. सहभागी क्षमता मापन र विश्लेषण | सम्पूर्ण कार्यक्रमको समीक्षाका साथ तालिम समापन |

**अनुसूची ३, तालिमका केही तस्वीरहरू :**













